"स्वच्छ सुन्दर र सम्पन्न शहर, सर्लाहीको शान लालबन्दी नगर"

# लालबन्दी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
लालबन्दी, सर्लाही
प्रदेश नं. २, नेपाल

प.सं. :- २०७७/०७८
च.नं. :- १२००

मिति :- २०७७/०९/२६

श्री सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरू
लालबन्दी नगरपालिका ।

विषय :- सम्पूर्ण विद्यालयहरू पूर्णकालिन संचालन गरी सामुदायिक विद्यालयमा दिवा खाजाको व्यवस्थापन गर्ने ।

प्रस्तुत विषयमा लालबन्दी नगरपालिकाको मिति २०७७।०९।२३ गतेको निर्णय अनुसार यस नगरपालिका भित्र संचालित सवै सामुदायिक तथा संस्थागत विद्यालयहरू विगत २०७७ साल असोज महिनावाट संचालन हुँदै आएकोमा अव उपरान्त पूर्णकालिनरूपमा संचालन गर्नुहुन अनुरोध छ । साथै सामुदायिक विद्यालयहरूले मिति २०७७।१०।०१ देखि विद्यालयमा संचालनहुने दिवा खाजाको निम्नानुसार उचित व्यवस्था गर्नुहुन जानकारी गराइन्छ ।

१. विद्यालयले अनिवार्यरूपमा वाल विकास देखी कक्षा ५ सम्मका विधार्थीहरूलाई हाजिर भएको दिन रू १५ वरावरको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।०७८ को मापदण्ड वमोजिमको स्वस्थकर खाजा उपलब्ध गराउनु पर्नेछ ।
२. तोकिए वमोजिम खाजा व्यवस्थापन समिति/विद्यालय व्यवस्थापन समितिले निर्णय गरी अनिवार्य नगरपालिकामा पठाउनुपर्ने छ ।
३. प्रत्येक दिन खाजा खाने विधार्थी संख्या यकिन गरी दैनिक अभिलेख राख्नुपर्ने छ ।
४. खाजा खाने विधार्थी संख्यामा वढाइ चढाइ भएमा वा विल भरपाई सक्कली नदेखिएमा वा खाजा रकमको दुरूपयोग भएमा प्र.अ. र खाजा व्यवस्थापन समिति स्वयम जिम्मेवार हुनु पर्ने र सो को सरकारी वाँकी विगो सरह असुल उपरहुने छ ।
५. रकम भुक्तानीको लागि अनिवार्यरूपमा विल भरपाई पेश गर्नुपर्ने छ ।

देवनाथ पोखरेल
प्रमुख प्रशासकीय अधिकृत